**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ बमोजिम यस बैंकसंग सम्बन्धित आ.व.०७८/७९**
**चौथो त्रैमासिक सूचना सुचिकृत गरि प्रकाशन गरिएको छ ।**

१ **निकायको स्वरुप प्रकृतिः**
कृषि विकास बैंक ऐन, २०२४ अर्न्तगत स्थापना भै हाल कम्पनी ऐन,२०६३ बमोजिम रुपान्तरण हुंदै कृषि विकास बैंक लि.को नामबाट बैंक तथा वित्तीय संस्था ऐन,२०६३ बमोजिम संचालित बैंक ।

२ **निकायको काम, कर्तव्य र अधिकारः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ मा व्यवस्था भए बमोजिमका काम कर्तव्य र अधिकार रहेको छ ।

३ **निकायमा रहने कर्मचारी संख्या र विवरण**
स्थायी तथा करार गरी कर्मचारी संख्या २२२० र निजहरुको कार्यविभाजन पद र क्षमताको आधारमा जिम्मेवारी तोकिएको छ । व्यवस्थापन समूहमा रहने कर्मचारी सदस्यहरुको नाम बैंकको वेवसाईट www.adbl.gov.np मा राखिएको छ ।

४ **निकायबाट प्रदान गरिने सेवाः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, मा व्यवस्था भए बमोजिम “क” वर्गको इजाजतपत्र प्राप्त संस्थाले दिन सक्ने सम्पूर्ण बैकिङ्ग सेवाहरु ।

५ **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
बैकिङ्ग सेवा प्रदान गर्ने शाखाहरु र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट www.adbl.gov.np/ मा राखीएको छ ।

६ **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधी यस बैंकको वेवसाईट www.adbl.gov.np मा प्रकाशित गरिएको छ ।

७ **निर्णय गर्ने प्रकिया र अधिकारीः**
बैकिङ्ग सेवा प्रदान गर्ने सिलसिलामा विभिन्न चरणमा गर्नु पर्ने निर्णयलाई प्रचलित ऐन,नियम तथा कार्यविधिका आधारमा प्रक्रिया मिलाइएको छ भने बैंकको प्रमुख कार्यकारी अधिकृत र संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

८ **निर्णयउपर उजुरी सुन्ने अधिकारीः**
बैंक व्यवस्थापनबाट भएको निर्णय उपर चित्त नबुझेमा संचालक समिति समक्ष पुनरावेदन गर्न सकिने व्यवस्था र ग्राहक गुनासोको हकमा केन्द्रिय कार्यालयमा रहेको शाखा संचालन व्यवस्थापन विभाग अर्न्तगत ग्राहक गुनासो ईकाईको व्यवस्था गरि ग्राहक गुनासो अधिकारी तोकि सोको विवरण बैंकको वेवसाईटमा समेत व्यवस्था गरिएको ।

९ **सम्पादन गरेको कामको विवरणः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ मा “क” वर्गमा रहेका वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन भै रहेका छन

१० **सूचना अधिकारीको नाम र पदः**
नामः हिमलाल पौडेल
पदः विभागीय प्रमुख
फोन नं. ४२६४०१६ Email : himlal.paudyal@adbl.gov.np

११ **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचिः**
प्रचलनमा रहेका सम्पूर्ण ऐन, नियम,विनियम,र निर्देशिकाहरु बैंकले पालना गर्नु पर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम,विनियम र निर्देशिकाहरु बैकिङ्ग कारोबारका लागि प्रमुख रुपमा रहेका छन् ।
कम्पनी ऐन , २०६३,बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३,नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
बैकिङ्ग कसुर तथा संजाय ऐन,२०६४,सम्पत्ति शुद्धिकरण (मनी लाउन्डयरिङ्ग) निवारण ऐन, २०६४,धितोपत्र सम्बन्धी ऐन, २०६३
सुरक्षीत कारोबार ऐन, २०६३,देवानी सीहता ऐन, २०७४/फौजदारी संहिता ऐन, २०७४,विनिमय अधिकारपत्र ऐन, २०३४
विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९,उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम, विनियमहरु तथा बैंकमा प्रचलनमा रहेका कार्यविधिहरु
नेपाल राष्ट्र बैंकबाट जारी भएको एकिकृत निर्देशिका तथा समय/समयमा भएको निर्देशनहरु

१२ **आम्दानी तथा खर्च र आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरणः**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अध्यावधिक विवरणहरु राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित हुंदै आएको छ भने उक्त विवरणहरु लगायत अन्य महत्वपूर्ण सूचनाहरु बैंकको वेवसाईट www.adbl.gov.np मा समेत प्रकाशित गरिंदै आएको छ ।

१३ **बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**
श्री अनिल कुमार उपाध्याय
प्रमुख कार्यकारी अधिकृत
कृषि विकास बैंक लि. मुख्य कार्यालय रामशाहपथ, काठमाडौं ।
फोनः ०१४२६२६९०, Email: ceo_68@adbl.gov.np

१४ **तोकिए बमोजिमका अन्य विवरणहरुः**

- **अघिल्लो आर्थिक वर्षमा सार्वजनिधक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरणः**
  बैंकले आफ्नो नियमित गर्नु पर्ने बैकिङ्ग कारोबारका अलाव वित्तीय साक्षरता कार्यक्रम,सामाजिक सामुदायिक कार्यक्रम, प्रदेश सरकारहरुसंग समेत सम्झौता गरि सहुलियतपूर्ण व्यवसायिक कृषि तथा कर्जा कार्यक्रम संचालन गर्दै आएको ।
- **सार्वजनिक निकायको वेवसाईट भए सोको विवरणः** www.adbl.gov.np
- **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको भए सोको विवरणः**
  बैंकल प्राप्त गरेका वार्षिक प्रगति तथा विवरणहरु बार्षिक प्रतिवेदनका रुपमा प्रकाशित भै बैंकको वेवसाईटमा समेत प्रकाशन गरिएको छ । यसका अलाव बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित गरि बैंकको वेवसाईटमा समेत प्रकाशन गरिदै आएको छ ।
- **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**
  बैंकको वेवसाईट www.adbl.gov.np र राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन गरिंदै आएको, आर्थिक वर्ष ०७८/०७९ अपरिकृष्त वित्तिय विवरण अनुसार बैंकले चौथो त्रैमास सम्म खुद नाफा करिब रु.२ अर्व ६९ करोड आर्जन गर्न सफल भएको छ भने उल्लेखित आ.व. मा कृषि वण्ड समेत जारी गरेको छ । बैंकले मिति २०७८।९।२९ गते १५ औ वार्षिक साधरणसभा सम्पन्न गरि शेयरधनीहरुलाई बोनस शेयर समेत गरि २१.०५२६ प्रतिशत लाभांश दिन सफल भएको र उक्त बोनस शेयर शेयरधनीहरुको डिम्याट खातामा जम्मा भै रहेको छ ।

कृषि विकास बैंक
मुख्य कार्यालय रामशाहपथ काठमाडौं ।